पोखरा महानगरपालिका

# स्थानीय राजपत्र

वर्ष : ३    भाग:२    पोखरा    खण्ड : ४५    २०७७।०३।१२

## पोखरा महानगरपालिका आर्थिक ऐन, २०७७

# आर्थिक ऐन, २०७७

**प्रस्तावना :**

पोखरा महानगरपालिकाको आर्थिक वर्ष २०७७/२०७८ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयनको निमित्त स्थानीय कर तथा शुल्क, दस्तुर संकलन गर्ने, छुट दिन तथा अन्य आय संकलनको प्रशासनिक व्यवस्था गर्न बाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम पोखरा महानगरपालिकाको नगर सभावाट यो ऐन स्वीकृत गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१)यस ऐनको नाम पोखरा महानगरपालिका आर्थिक ऐन २०७७ रहने छ ।

(२) यो ऐन २०७७ साल श्रावण १ गते देखि पोखरा महानगरपालिका क्षेत्र भित्र लागु हुनेछ ।

२. **सम्पत्ति कर:** पोखरा महानगरपालिका क्षेत्रभित्र रहेका घर, टहरा तथा भवनहरु र सोले चर्चेको जग्गामा अनुसूची (१) बमोजिम सम्पत्ति कर लगाई असुल उपर गरिनेछ । घरको मूल्याङ्कन अनुसूची (२) अनुसार, घरको बनौटको आधारमा ह्रास कट्टी अनुसूची (३) अनुसार र जग्गाको मूल्याङ्कन अनुसूची (४) अनुसार गरिनेछ ।

३. **भूमि कर (मालपोत):** पोखरा महानगरपालिका क्षेत्रभित्र सम्पत्ति कर लाग्ने भूमि बाहेकमा अनुसूची (५) बमोजिम भूमिकर (मालपोत) लगाई असुल उपर गरिनेछ ।

४. **बहाल कर: (**१) पोखरा महानगरपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा सँस्थाले भवन, घर, पसल, ग्यारेज, वर्कसप, गोदाम, टहरा, छप्पर, सेड, जग्गा वा पोखरी पुरै वा आशिंक तवरले बहालमा दिएकोमा अनुसूची (६) बमोजिम बहाल कर लगाई मासिक, त्रैमासिक, अर्धवार्षिक वा वार्षिक रुपमा असुल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिम लगाईने घरजग्गा बहाल करको लागि बहाल रकमको मूल्यांकन सम्वन्धी ब्यवस्था अनुसूची (७) मा उल्लेख भएबमोजिम हुनेछ ।

५. **व्यवसाय कर:** (१) पोखरा महानगरपालिका क्षेत्र भित्र उद्योग, व्यापार, व्यवसाय, सेवा र यस्तै प्रकारका जुनसुकै कारोबार गर्ने व्यक्ति, संघसंस्था वा निकायलाई व्यवसायको प्रकृति, आर्थिक कारोवार, स्थान बिशेष र लगानीलाई आधार लिई गरिएको बर्गिकरण अनुसार अनुसूची (८) बमोजिम व्यवसाय कर लगाई असुल उपर गरिनेछ ।

(२) पोखरा महानगर क्षेत्रभित्र विगत लामो समय देखि पेशा व्यवसाय संचालन गरेका तर करको दायरामा नआएका व्यवसायहरुलाई करको दायरामा ल्याउनको लागि आर्थिक वर्ष २०७४।०७५ बाट कर लिई पेशा व्यवसायको इजाजत दिइनेछ ।

(३) आर्थिक वर्ष २०७४।०७५ बाट व्यवसाय कर असुल गर्दा व्यवसाय करको दर आर्थिक वर्ष २०७७।०७८ मा उल्लेख भएको दरमा नै असुल गरिनेछ । यो सेवा २०७७ चैत्र भित्र ब्यवसाय दर्ता गर्दा मात्र लागु हुनेछ ।

(४) ध्वनि प्रदुषण, वातावरण प्रदुषण गर्ने उद्योग व्यवसायहरुमा अनुसूचनी (८) बमोजिम लाग्ने व्यवसाय करमा २० प्रतिशत थप गरी व्यवसाय कर असुल गरिने छ ।

६. **जडीबुटी, कवाडी र जीवजन्तु कर:** पोखरा महानगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, बनकस, कवाडी माल र प्रचलित कानुनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीबजन्तुको हाड, सिङ्ग, प्वाखँ, छाला जस्ता वस्तुको व्यावसायीक कारोवार गरेबापत अनुसूची (९) बमोजिमको कर लगाई असुल उपर गरिनेछ ।

७. **प्राकृतिक स्रोत साधन विक्री:** पोखरा महानगपालिकाले आफ्नो क्षेत्रभित्र उपलब्ध हुने प्राकृतिक स्रोतहरु ढुङ्गा, गिटी, बालुवा, चुनढुगां, दहत्तर, बहत्तर आदिमा अनुसूची (१०)बमोजिम न्यूनतम दर कायम गरी विक्री गरिने छ ।

८. **विज्ञापन कर:** पोखरा महानगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (११) बमोजिम  विज्ञापन कर लगाई असुल उपर गरिनेछ । संकलित विज्ञापन कर रकम अन्तर सरकारी वित्त व्यवस्थापन ऐनको व्यवस्था बमोजिम बाँडफाँट हुनेछ ।

९. **मनोरञ्जन कर:** पोखरा महानगरपालिका क्षेत्रभित्र हुने र शुल्क लिई सञ्चालन गरिने जुनसुकै प्रकारको मनोरञ्जन व्यवसायमा गण्डकी प्रदेश सरकारले तोकेको दरमा मनोरञ्जन कर लगाई असुल उपर गरिनेछ । संकलित मनोरञ्जन कर अन्तर सरकारी वित्त व्यवस्थापन ऐनको व्यवस्था बमोजिम बाँडफाँट हुनेछ ।

१०. **बहाल बिटौरी शुल्क:** पोखरा महानगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख, वा सञ्चालन गरेका वा सार्वजनिक ऐलानी पर्ती जग्गा वा भवनमा हाटबजार वा पसल वा सडक वा बाटो किनार वा विशेष मेला पर्वमा अनुसूची(१२) अनुसार बहाल विटौरी शुल्क लगाई असुल उपर गरिनेछ ।

११. **पार्किङ्ग शुल्कः** पोखरा महानगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराएवापत अनुसूची (१३) बमोजिम सवारी साधन पार्किङ्ग शुल्क लगाइ असुल उपर गरिनेछ ।

१२. **ट्रेकिङ्ग, कायोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टिङ्ग शुल्कः**पोखरा महानगरपालिका क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टिङ्ग सेवा वा व्यवसाय सञ्चालन गरेवापत अनुसूची (१४) बमोजिम शुल्क लगाइ असुल उपर गरिनेछ ।

१३. **सेवा शुल्क दस्तुर :** पोखरा महानगरपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका अनुसूची (१५) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए बमोजिम शुल्क तथा दस्तुर लगाई असुल उपर गरिनेछ ।

१४. **पर्यटन शुल्कः** पोखरा महानगरपालिकाले आफुले निर्माण गरेका वा हस्तान्तरण भई आएका वा सञ्चालनमा रहेका पर्यटकीय स्थलमा प्रवेश गर्ने पर्यटकहरुबाट अनुसूची (१६) मा उल्लिखित दरमा पर्यटन शुल्क लगाई असुल उपर गरिनेछ ।

१५. **सम्पत्ति बहालः**नगरपालिकाको स्वामित्वमा रहेका जमिन, भवन तथा मेसिनरी साधनहरुको न्यूनतम भाडा दर अनुसूची (१७) मा उल्लेख भए बमोजिम हुनेछ ।

१६. **दण्ड जरिवानाः** (१) तोकिएको समय भित्र कर तथा शुल्क नबुझाउने तथा पोखरा महानगरपालिका क्षेत्रभित्र निषेध गरिएका सार्वजनिक सडक तथा फुटपाथमा सवारी साधन पार्किङ्ग वा व्यापार व्यवसाय गर्ने वा फोहरमैला तथा निर्माण सामाग्रीबाट उत्सर्जित फोहोर एवं प्रचलित कानुन विपरीतका कार्य गरेमा त्यस्तो सामान जफत गर्ने वा लिलामी गर्ने वा अनुसूची (१८) बमोजिम जरिवाना गरिनेछ ।

(२) दण्ड जरिवाना सम्बन्धी व्यवस्थामा पोखरा महानगरपालिका, नगर कार्यपालिकाले आवश्यकता अनुसार थपघट तथा पुनरावलोकन गर्न सक्नेछ ।

१७. **कर तथा शुल्कमा छुटः** (१) पोखरा महानगरपालिकाले अनुसूची (१९) मा व्यवस्था भए बमोजिम कर तथा शुल्कमा सहुलियत वा छुट दिन सक्नेछ ।

(२) कर तथा शुल्कमा छुट तथा सहुलियत सम्बन्धी व्यवस्थामा पोखरा महानगरपालिका, नगर कार्यपालिकाले आवश्यकता अनुसार थपघट तथा पुनरावलोकन गर्न सक्नेछ ।

१८. **कर तथा शुल्क संकलन सम्वन्धी थप व्यवस्थाः** यस ऐनमा भएको व्यवस्था यसै

बमोजिम र अन्यको हकमा यस ऐनसँग नबाझिने गरी कर तथा शुल्क संकलन सम्बन्धमा पोखरा महानगरपालिका, नगर कार्यपालिकाले आवश्यक निर्णय गरी लागु गर्न सक्नेछ ।

**१९. पुनरावलोकन सम्बन्धी व्यवस्था:** (१) पोखरा महानगरपालिकाले गरेको कर शूल्क महशुल दण्ड जरिवाना सम्बन्धी विषयमा चित्त नबुझेका करदाताले नगरपालिकामा पुनरावलोकनका लागि निवेदन गर्न सक्नेछन । यसरी पुनरावलोकनका लागि कार्यपालिकाले प्रमुखको अध्यक्षतामा सम्बन्धित विषय विज्ञ समेत रहने गरी पुनरावलोकन समिति गठन गर्नेछ ।

(२) पुनरावलोकनका लागि प्राप्त भएका निवेदन उपर ३५ दिनभित्र पुनरावलोकन समितिले छानविन तथा निर्णय गरी सम्बन्धित व्यक्तिलाई निर्णयको जानकारी दिनुपर्नेछ ।

**२०. कर फिर्ता सम्बन्धी व्यवस्था:** करदाताले यस ऐन बमोजिम कर बुझाउदा तिनुपर्ने भन्दा बढी कर दाखिला गरेमा बढी दाखिला भएको रकम फिर्ता माग गर्न सक्ने छ । सोको व्यहोरा साचो देखिएमा प्रमुख प्रशासकिय अधिकृतले निवेदन परेको एक महिना भित्र रकम फिर्ता दिने निर्णय गर्नु पर्नेछ ।

**२१. अन्य व्यबस्था:** (१) पोखरा महानगरपालिकाका महाशाखा, शाखा, वडा तथा अन्य कार्यालयहरुबाट सेवा प्रवाह गर्दा सेवाग्राहीले बुझाउनुपर्ने कर, शुल्क, दस्तुर तथा जरिवानालाई सेवासँग आबद्ध गरी अनिवार्य असुल उपर गरी सेवा प्रवाह गर्नु पर्नेछ । तर, नागरिकता प्रमाणपत्रको सिफारिश तथा व्यक्तिगत घटना दर्ता सेवा प्रवाह गर्न भने यस व्यवस्थाले बाधा पुगेको मानिने छैन ।

(२) वडा कार्यालयहरुबाट कर असूली कार्य वडाध्यक्ष वा निजले तोकेको वडा सदस्यको समन्वयमा यस ऐन बमोजिम संकलन गरिनेछ ।

(३) अन्य स्थानीय तहमा कानुन बमोजिम दर्ता/नविकरण भएका कम्पनी, फर्म, संघसंस्थाहरुले सार्वजनिक खरिद प्रक्रियामा सहभागी हुन पोखरा महानगरपालिकामा पुन: व्यवसाय दर्ता गर्नुपर्ने छैन ।

(४) महानगरपालिकाले कर तथा शुल्कहरु संकलनको लागि अग्रिम सूचना दिन, करको अभिलेख राख्न तथा कर संकलनको लागि विद्युतीय माध्यमलाई प्रयोगमा ल्याउन सकिनेछ ।

**२२. नियमावली तथा कार्यविधि बनाउन सक्ने:**पोखरा महानगरपालिका नगर कार्यपालिकाले यस ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी नियमावली तथा कार्यविधिहरु वनाई लागु गर्न सक्नेछ ।

**२३. यसै ऐन बमोजिम भएको मानिने:** यो ऐन जारी हुनु अघि भए गरेका व्यवस्थाहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

**२४. साबिक बमोजिम हुने:** यस ऐनमा उल्लिखित व्यवस्था यसै बमोजिम र उल्लिखित नभएको हकमा साविक बमोजिम नै हुनेछ ।

**२५. बाधा अड्काउ फुकाउ:** यस ऐनको कार्यान्वयनको क्रममा कुनै बाधा आईपरेमा पोखरा महानगरपालिका नगर कार्यपालिकालाई बाधा अड्काउ फुकाउने अधिकार रहनेछ ।

**२६. खारेजी :** साविकमा पोखरा महानगरपालिकाले लागू गर्दै आएका व्यवस्थाहरु यस ऐनसँग प्रतिकूल देखिएमा प्रतिकूल भएको हदसम्म खारेज हुनेछन् ।

## अनुसूची–१

## ऐनको दफा २ सँग सम्बन्धित

## सम्पत्ती करको दर

| क्र.सं. | विवरण | **करको दर (%मा)** |
|---|---|---|
| १ | रु. १० लाख सम्म | रु.५०० |
| २ | त्यसपछिको रु.१० लाख सम्म थप | ०.०१% |
| ३ | त्यसपछिको रु.२० लाख सम्म थप | ०.०१३% |
| ४ | त्यसपछिको रु.२० लाख सम्म थप | ०.०२३% |
| ५ | त्यसपछिको रु.४० लाख सम्म थप | ०.०४३% |
| ६ | त्यसपछिको रु.५० लाख सम्म थप | ०.०७५% |
| ७ | त्यसपछिको रु.५० लाख सम्म थप | ०.०८% |
| ८ | त्यसपछिको रु १ करोडसम्म थप | ०.१६५% |
| ९ | त्यसपछिको रु२ करोड सम्म थप | ०.१८७% |
| १० | त्यसपछिको रु ५ करोड सम्म थप | ०.१९८% |
| ११ | त्यसपछि माथिको जतिसुकैमा थप | ०.२०% |

**थप व्यवस्था:**

१. सम्पत्तिकर र भूमिकर (मालपोत) लागु हुनु भन्दा अगाडी लगाईएका घरजग्गा कर, एकीकृत सम्पत्ति कर लगायत अन्य खारेज भएका कर तथा शुल्कको बक्यौताको हकमा साविककै नियमानुसार कर लाग्नेछ ।

२. सम्पत्ति करको लागि भवनको क्षेत्रफल कायम गर्दा स्वीकृत नक्शा र निर्माण भएको भवनको क्षेत्रफलमा फरक भएमा निर्माण भएको भवनको क्षेत्रफललाई आधार मानिनेछ । कर तिरेको प्रमाण अन्य कुनै प्रयोजनमा दावि लाग्ने छैन ।

३. संयुक्त तथा सामूहिक आवासको सम्पत्ति कर निर्धारण: बहुतले सामूहिक आवास (अपार्टमेन्ट वा फ्ल्याट) वा संयुक्त आवास (हाउजिङ्ग) वा कुनै घरको विभिन्न तलाहरु वा एकै तलामा पृथक, पृथक स्वामित्व रहेकोमा त्यस्तो पृथक, पृथक स्वामित्व भएका भागहरु वा तलाहरुको सम्पत्ति कर सम्बन्धित स्वामित्ववाला व्यक्तिहरुको नाममा देहाय बमोजिम निर्धारण गरी असुल उपर गरिनेछ:

(क) बहुतले सामूहिक आवास (अपार्टमेन्ट वा फ्ल्याट) को हकमा जे-जति क्षेत्रफलको घर, अपार्टमेन्ट वा फ्ल्याट राजिनामा वा स्वामित्व हस्तान्तरणको लिखत पारित गरी हक हस्तान्तरण भएको छ सोही बराबर घर (अपार्टमेन्ट वा फ्ल्याट) को क्षेत्रफल कायम गरिनेछ ।

(ख) सामूहिक आवासको जग्गाको क्षेत्रफल कायम गर्दा राजिनामा वा स्वामित्व हस्तान्तरणको लिखतमा उल्लेख भएको भए सोही जग्गाको क्षेत्रफल र उल्लेख नभएको भए घरको स्वामित्व बराबरको क्षेत्रफल मानि सो को दुई गुणा बराबरको जग्गाको क्षेत्रफल कायम गरिनेछ ।

(ग) व्यावसायीक प्रयोजनको लागि निर्माण गरी बिक्री भएको (मल/सपीङ्ग कम्प्लेक्स/सपीङ्ग सेन्टर आदि) मा खरिद बिक्री हुने पसल, कोठा तलाको हकमा समेत बुंदा (क) बमोजिम कर निर्धारण गरिनेछ ।

(घ) कुनै व्यक्ति वा संस्थाको नाममा जग्गाको स्वामित्व भई अर्को व्यक्तिले जग्गा लिजमा लिई भौतिक संरचनाको निर्माण, विकास र सम्बर्द्धन गरी भोग गरेको सम्पत्तिको कर तिर्नुपर्ने दायित्व सम्बन्धमा निजहरुबीच भएको सम्झौतामा स्पष्ट उल्लेख गरिएको हकमा सोही बमोजिम हुनेछ । यदि सम्झौतामा स्पष्ट प्रावधान उल्लेख नगरिएको भएमा सम्पत्तिको भोग गर्ने वा लिजमा लिने व्यक्ति वा संस्थाले कर दाखिला गर्नुपर्नेछ ।

(ङ) बुंदा (घ) बमोजिमको लिज सम्झौता भंग भएमा वा कार्यान्वयन नभई सम्झौताको यथार्थ परिपालना नगरिएको अवस्थामा सम्पत्ति कर तिर्ने दायित्व सम्बन्धित जग्गा धनीको हुनेछ ।

(च) प्रचलित नेपाल कानून र यस परिच्छेद बमोजिम सम्पत्ति कर छुट हुने व्यक्ति वा निकायको जग्गामा व्यावसायीक प्रयोजनका लागि भवन निर्माण

गरी उपयोग गरेको भए उक्त भवन र सोले चर्चेको जग्गामा सम्पत्ति भोग गर्ने व्यक्ति वा संस्थाबाटसम्पत्ति कर लगाई असुल उपर गरिनेछ ।

(छ) सम्पत्ती कर छुट हुने व्यक्ति वा निकायको जग्गामा एउटा प्रयोजनको लागि बनाएको भवन सो प्रयोजन परिवर्तन गरी व्यावसायीक प्रयोजनमा प्रयोग गरेको पाईएमा कर अधिकृतले कर निर्धारण गरी कर असुल गर्नेछ ।

(ज) संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकार, कुटनैतिक नियोग, गुठी र लाभको उद्देश्य नराखी संचालन हुने संघसंस्थाको वस्तु तथा कारोवारमा यस ऐन बमोजिम कर लिइने छैन । तर लाभको उद्देश्य नराखी संचालन हुने संघसंस्थाहरुलाई भूमिकर (मालपोत), नक्सापास दस्तुर,सरसफाई शुल्क जस्ता कर र दस्तुरहरु भने छुट हुने छैन ।

# अनुसूची–२

## ऐनको दफा २ सँग सम्बन्धित

## घरको मूल्याङ्कन दर

| क्र.स. | घरको प्रकार/बनोट | घरको मूल्याङ्कन दर प्रति वर्गफीट (रु.) |
|---|---|---|
| १ | स्टील फ्रेम भएको स्ट्रक्चरमा | रु २५०० |
| २ | आर. सि. सि स्ट्रक्चरमा एक्सिलेटर, लिफ्ट भएकोमा | रु २२०० |
| ३ | प्रि फ्याब भवन, गोदाम भवन | रु १८०० |
| ४ | व्यावसायीक प्रयोजनका आर.सि.सि.पक्की घर | रु १५०० |
| ५ | आर.सि.सि.पक्की आवासिय प्रयोजन | रु १००० |
| ६ | आर.सि.सि. वाहेकका अन्य पक्की घर | रु ७०० |
| ७ | सिमेन्ट जोडाई र जस्ताको छाना घर | रु ६३५ |
| ८ | ढुंगामाटो जोडाई भएको घर | रु.५२५ |
| ९ | जस्ता वा अन्य किसिममा वेरा भएका घर | रु ४०० |

## अनुसूची–३

## ऐनको दफा २ सँग सम्बन्धित

## घरको ह्रास कट्टी प्रतिशत र ह्रास कट्टी गर्ने अवधि

घरको ह्रास कट्टी समान ह्रास कट्टी पद्धति (Straight Line Method) अनुसार ५ प्रतिशत बचाव मूल्य कायम गरी ९५ प्रतिशत सम्म हुनेछ । यसको गणना देहाय बमोजिम गरिनेछ :

| क्र.स. | भवनको प्रकार/बनोट | वार्षिक ह्रास कट्टी |
|---|---|---|
| १ | स्टील फ्रेम स्ट्रक्चरमा | ०.७५% |
| २ | आर. सि. सि स्ट्रक्चरमा एक्सिलेटर, लिफ्ट भएकोमा | ०.७५% |
| ३ | प्रि फ्याब भवन, गोदाम भवन | २% |
| ४ | व्यावसायीक प्रयोजनका आर.सि.सि.पक्की घर | १% |
| ५ | आर.सि.सि.पक्की आवासिय प्रयोजन | १% |
| ६ | आर.सि.सि. वाहेकका अन्य पक्की घर | २% |
| ७ | सिमेन्ट जोडाई र जस्ताको छाना घर | २% |
| ८ | ढुंगामाटो जोडाई भएको घर | ३% |
| ९ | जस्ता वा अन्य किसिममा वेरा भएका घर | ५% |

## अनुसूची–४
## ऐनको दफा २ सँग सम्बन्धित
## जग्गाको मूल्याङ्कन

पोखरा महानगरपालिका क्षेत्रभित्रका प्रमुख सडक एवं सडकको दायाँवायाँका जग्गाहरुको सम्पत्ति कर तथा भूमिकर (मालपोत) मूल्याङ्कन प्रयोजनको लागि कायम गरिएको प्रति रोपनी जग्गाको मूल्य आर्थिक ऐन २०७६ बमोजम नै कायम गरिएको छ :

| हालको वडा नं. | जग्गाको विवरण | आ.व. २०७७/०७८ को न्यूनतम रकम (प्रति रोपनी) |
|---|---|---|
| १ | के.आइ.सिङ पुल, क्याम्पस गेट हुँदै हालको प्रदेश सभा भवन वडा नं. १ र ३ को सिमाना | ८,६४८,५८०.०० |
| | ट्याक्सीचोक वन कार्यालय हुँदै बगर सम्म पुग्ने मुख्य सडकको दाया बाया | ८,३९४,२१०.०० |
| | पो.म.न.पा वडा नं .१ मा पर्ने अन्य पक्की बाटोका दाया बायाका जग्गाहरु | ७,१२२,३६०.०० |
| | मुख्य पिच बटोको दाया बाया पो.व.रा.हरिचोक टँडिखेल ट्याक्सी चोक | ९,१५७,३२०.०० |
| | पो.म.न.पा. वडा नं .१ मा पर्ने अन्य कच्ची बाटोको दाया बायाका जग्गाहरु | ४,३२४,२९०.०० |
| | पो.म.न.पा. वडा नं .१ मा पर्ने सवै भित्री जग्गाहरु | ३,३०६,८१०.०० |
| | | |

| | | |
|---|---|---|
| २ | नालामुख देखी मोहरीया टोलसम्म मुख्य बाटोको दाया बायाको जग्गा | ८,६४८,५८०.०० |
| | भैरवटोल देखि अर्चलबोट हुँदै विन्दवासीनी बरपाटन भएर सराङ्गकोट जाने बाटो | ६,८६७,९९०.०० |
| | भिमसेन टोल भैरवटोल भित्रको सडकका दायाँ बायाँका जग्गाहरु | ६,३५९,२५०.०० |
| | नालामुख मार्ग देखि बाग्लुङ्ग वसपार्क जोड्ने पक्की सडक | ६,१०४,८८०.०० |
| | बिन्ध्याबासिनि मार्ग हुँदै अगाडी पछाडी लगाएत कोपिला खाद्य उद्योगका दाया बायाका जग्गाहरु | ५,८५०,५१०.०० |
| | वडा कार्यालय मुनिको धारापानी मार्गको पक्की बाटोको दायाँ बायाँ | ५,८५०,५१०.०० |
| | अन्य पक्की बाटोको दाया बाया | ५,८५०,५१०.०० |
| | भित्री जग्गाहरु | ३,०५२,४४०.०० |
| | मुख्य पिच बाटो र पोखरा वाग्लुङ्ग राजमार्ग समेतको दाया बाया जग्गाहरु | ९,१५७,३२०.०० |
| | भमसेन टोल, भैरवटोल भित्र हितमार्ग हुदै पोखरा बेसी कृषि सडक सम्म | ६,६१३,६२०.०० |
| | भिमसेन मन्दिर बाट भिम पथ हुँदै पो.वा. वसपार्क जोड्ने पिच बाटोको जग्गा | ६,१०४,८८०.०० |
| | हितमार्ग हुदै पोखरा वेसी कृषि सडक सम्म दाया बाया पक्की बाटो | ६,१०४,८८०.०० |
| | कच्ची बटोको दाया बायाको जग्गाहरु | ४,५७८,६६०.०० |
| | | |
| ३ | वडा नं. ३ मा पर्ने नदिपुर, तेर्सापट्टि,पालिखेचोक देखि पश्चिम ग्रैहापाटन समेत मुख्य पक्की सडक दा.बा. का जग्गा | १२,९७२,८७०.०० |
| | पो.म.न.पा. वडा नं. ३ मा पर्ने कच्ची बाटोको दाया बाया | ६,८६७,९९०.०० |
| | पो.म.न.पा. वडा नं. ३ मा पर्ने भित्रि जग्गाहरु | ४,५७८,६६०.०० |
| | पो.म.न.पा. वडा नं. ३ मा पर्ने अन्य पक्की बाटोको दाया बाया | ९,१५७,३२०.०० |
| | | |

| | | |
|---|---|---|
| ४ | पो.म.न.पा. वडा न.४ मा पर्ने पो.बा.रा.दाया बायाका जग्गाहरु | ३३,०६८,१००.०० |
| | सिदार्थ चोक देखी नाला मुख सम्म दाया बायाको जग्गाहरु | १४,२४४,७२०.०० |
| | पालिखेचोक देखी पश्चिम वडा कार्यालया सम्म पक्की सडकको दाया बाया | १३,२२७,२४०.०० |
| | अन्य पिच बाटोको दाया बाया | ९,६६६,०६०.०० |
| | भित्रि जग्गाहरु | ४,५७८,६६०.०० |
| | पालिखे चोक देखी महेन्द्रपुल हुँदै सिद्धार्थचोक सम्मका दायाबाया जग्गाहरु | ३,४०,८५,५८०.०० |
| | | |
| ५ | वडा ५ पर्ने फिर्केपुल पश्चिम ० कि.मि.हुदै शान्तीनगर चोक सम्म | २१,३६७,०८०.०० |
| | वडा कार्यालय देखी शान्तीचोक सम्म दायाबाया | ७,६३१,१००.०० |
| | धारापानि मार्गको दाया बाया | ७,३७६,७३०.०० |
| | एकलधारा धर्मस्थली मार्गको दाया वाया जगाहरु | ७,१२२,३६०.०० |
| | कच्ची सडकको दाया बाया | ४,५७८,६६०.०० |
| | भित्रि जग्गाहरु | ३,८१५,५५०.०० |
| | पोखरा वाग्लुङ्ग राजमार्गको दाया बाया | २५,४३७,०००.०० |
| | ज्ञान मार्ग जिरो कि.मि.बाट पुर्वतर्फ को मुख्य सडक | १५,२६२,२००.०० |
| | मनकामना मार्गको दायाबाया | ७,१२२,३६०.०० |
| | गोलचौतारा हुदै शान्तीनिकेतन स्कुल निस्किने पक्कि बाटाको दाया बाया | ७,१२२,३६०.०० |
| | विचारी चोक देखी रिठेगौडा सम्म पक्की सडकको दायावाया | ७,१२२,३६०.०० |
| | वगैचादेखी राधाकृष्ण मन्दिरसम्मको पक्की वाटोको दायावाया | ७,१२२,३६०.०० |
| | अन्य पक्की वाटोको दायावाय | ६,८६७,९९०.०० |
| | | |

| | | |
|---|---|---|
| ६ | हलन चोक हुदै खहरे गैराको चौतारा सम्म | ३८,१५५,५००.०० |
| | हल्लनचोक हुदै जरेवर बुलौरी खोला वडा छ को सिमाना सम्म | ४०,६९९,२००.०० |
| | अन्य पक्की बाटोको दाया बाया | १२,२०९,७६०.०० |
| | कच्चीबाटोको दाया बाया | ७,३७६,७३०.०० |
| | भित्री जग्गाहरु | ४,५७८,६६०.०० |
| | जिल्ला अदालत देखी हल्लनचोक सम्म मुख्य सडक दाया बाया | ४०,६९९,२००.०० |
| | फिर्केखोलाको पुल वडा कार्यालय तालबराही स्कुल हुदै फेवा मार्ग छुने मुख्य सडक दाया बाया | ३६,६२९,२८०.०० |
| | | |
| ७ | मुख्य पिच सडक मुस्ताङ चोक देखी राष्ट्रबैकं चोक सम्म | २२,८९३,३००.०० |
| | आर.टि.ओ सडकको दाया बाया साविक वडा न. ९ | १४,७५३,४६०.०० |
| | अन्य पक्कि बाटोको दाया बाया | ८,६४८,५८०.०० |
| | अन्य कच्ची बाटोको दाया वाया पर्ने जग्गाहरु | ५,५९६,१४०.०० |
| | भित्रि जग्गाहरु | ४,०६९,९२०.०० |
| | वडा ७ को सिमाना रत्नचोकदेखि एयरपोर्ट सम्मको मुख्य पिचबाटोको दाया वाया पर्ने जग्गाहरु पश्चिम फेवा मार्ग | १६,७८८,४२०.०० |
| | | |
| ८ | मुख्य पिच बाटो वि.पि.माग समेत को दाया ,वायाको जग्गा | ३७,३९२,३९०.०० |
| | श्रृजनाचोक देखी रत्नचोक हुदै एरपोर्टसम्म मुख्या पक्की सडक दायाबाया | १८,३१४,६४०.०० |
| | अन्य पक्की बाटोको दाया वायाका जग्गाहरु | ११,१९२,२८०.०० |
| | कच्ची बाटोको दायाबाया | ७,१२२,३६०.०० |
| | भित्री जग्गा | ४,३२४,२९०.०० |
| | पृथ्वीचोक देखी मुस्ताङ्चोका सम्म राजमार्गको दायाबाया | २१,६२१,४५०.०० |
| | सृजनाचोकदेखी गणेशमानसिहंमार्ग हुदै सिदार्थचोक वडा ४ को सिमाना सम्म मुख्य सडक | १८,३१४,६४०.०० |
| | | |

| | | |
|---|---|---|
| ढ | मुख्य पिच वाटोको दाया वायाका जग्गाहरु | ३७,३९२,३९०.०० |
| | पृथ्वीचोकदेखी मुस्ताङचोक सम्म सिद्धार्थ राजमार्गको दाया वायाका जग्गाहरु | २१,३६७,०८०.०० |
| | अन्य पक्कि बाटोमा पर्ने दाया वायाका जग्गाहरु | ११,१९२,२८०.०० |
| | कच्चिच बाटोका दाया वायाका जग्गाहरु | ७,१२२,३६०.०० |
| | भित्रि जग्गाहरु | ४,३२४,२९०.०० |
| | | |
| १० | पृथ्वीचोक देखी पूर्वतर्फ पो.म.न.पा १० को सिमानामा पुथ्वी राजमार्गसंग जोडिएको मूख्य पिच बाटाको दाया | २२,३८४,५६०.०० |
| | सेति नदिको पुलदेखि पुर्व पुथ्वीराजमार्गको बुद्धचोक, अमरसिहचोक हुदै वडा १० को सिमाना बुद्धचोकवाट गौरी | १६,२७९,६८०.०० |
| | पोखरा वडा नं. १० अन्तरर्गत पर्ने अन्य पक्कि बाटोका दाया वायाका जग्गाहरु | ७,६३१,१००.०० |
| | भित्रि जग्गाहरु | ४,३२४,२९०.०० |
| | कृष्ण मन्दिरदेखि रामबजार लाईन हुदै कालिका मार्ग र रामबजार मार्ग विरेन्द्र शालिक सम्म मुख्य विचबाटोको | १९,३३२,१२०.०० |
| | कच्चिच बाटोको दाया वायाका जग्गाहरु | ६,१०४,८८०.०० |
| | | |
| ११ | मुख्य पिच बाटोको दाया वायाका जग्गा | १२,७१८,५००.०० |
| | कच्ची बाटोको दाया वायाका जग्गा | ४,३२४,२९०.०० |
| | भित्रि जग्गाहरु | २,७९८,०९०.०० |
| | रानीपौवा शिवशक्ति मा.वि. हुँदै मनिपाल गेट सम्म | १२,२०९,७६०.०० |
| | साविक काहुँ गा.वि.स धरहरा सम्मको पक्की बाटो | १,२००,०००.०० |
| | साविक काहुँ गा.वि.स. कच्ची सडक | ९५०,०००.०० |
| | साविक काहुँ गा.वि.स. पाखो जग्गा वडा नं. ७,८ बाहेक | ५००,०००.०० |
| | साविक काहुँ गा.वि.स.वडा नं. ७, ८ को खेत पाखो सवै किसिमका जग्गा | ३५०,०००.०० |
| | अन्य पक्कि बाटोको दायावायाका जग्गाहरु | ८,१३९,८४०.०० |
| | | |

| | | |
|---|---|---|
| | अन्य पक्कि बाटोको दाया वायाका जग्गा | ७,६३१,१००.०० |
| | कच्चिच बाटोको दाया वायाका जग्गा | ४,५७८,६६०.०० |
| | भित्री जग्गाहरु | ३,०५२,४४०.०० |
| | पो.म.न.पा. वडा कार्यालय १२ देखि परिवार नियोजन संघ हुदै पृथ्वीराजमाग सम्म पिच बाटो | १२,२०९,७६०.०० |
| १२ | कुडहरचोक हुँदै मियापाटन चोकको वडा सिमाना सम्म पिच बाटो | १०,६८३,५४०.०० |
| | हस्पिटल चोक देखि पुर्व माछा पोखरी सम्मको पिच बाटोको दाया बाया | १०,१७४,८००.०० |
| | मुख्य रानीपौवा चोक देखि नर्सिङ्ग क्याम्पस गण्डकी हस्पिटल हुँदै अमरसिङ्गचोक दाया वायाका जग्गा | १३,२२७,२४०.०० |
| | पुरनधारा चोक हुँदै गुम्बा फेदी सम्मको पिच बाटोको दाया बाया | १०,९३७,९१०.०० |
| | | |
| | भद्रकाली स्कूल हुँदै वडा कार्यालय वि.पि.मार्ग,मिया पाटन सम्मको मुख्य पिच बाटोको दायाँबायाँको जग्गा | ८,६४८,५८०.०० |
| | पोखरा १३ का अन्य पक्की बाटोको दाया वायाका जग्गाहरु | ७,१२२,३६०.०० |
| | पोखरा १३ अन्य कच्ची बाटोको दाया वायाका जग्गाहरु | ४,५७८,६६०.०० |
| | पोखरा १३ अन्तर्गतका भित्रि जग्गाहरु | २,५४३,७००.०० |
| १३ | साविक आर्वा घट्टेखोलादेखी पुर्व साझा जिमिरेडिल ढावकसेरी हुँदै खहरे लाकुरीबोटसम्मको पिच बाटोको दा.व | २,६००,०००.०० |
| | साविक आर्वा गाविसको सहायक बाटोको १,२,३,४, | १,६००,०००.०० |
| | साविक आर्वा गाविसको ५,६,७,८ र ९ को कच्ची बाटो | १,०००,०००.०० |
| | साविक आर्वा गाविसको सवै किसिमको खेत/ पाखाको जग्गाहरु | २५०,०००.०० |
| | मुख्य पिच काहुँखोला भद्रकाली बाझा पाटन गौडाको मुख देखि गुम्बा फेदी सम्म पिच दाया वायाको जग्गाहरु | ९,६६६,०६०.०० |

| | | |
|---|---|---|
| | साविक आर्वा काहुखोला देखि पाटनवेशीहुदै खट्टेखोला पश्चिमको मुख्य पिचबाटोको दाया बाया | २,८००,०००.०० |
| | साविक आर्वा गाविस अन्य पिच बाटोको दाया बायाको जग्गा | २,४००,०००.०० |
| | साविक विजयुर गााावि. स का सबै जग्गाहरु | २,४००,०००.०० |
| | | |
| १४ | भोटेचौतारा रामेश्वरचोक शुक्रराज बलभद्र मा.वि.हुदै काजीपोखरी १०,१५को सिमाना सम्म | १३,०००,०००.०० |
| | निर्माणाधिन एयरपोर्ट भन्दा उत्तर पर्ने पिच बाटोको दाया वायाका जग्गा | ९,०००,०००.०० |
| | अन्य पक्की सडकका दाया बाया सडकहरु | ७,०००,०००.०० |
| | एयरपोर्ट दक्षीण.तर्फको कच्ची बाटोको दाया बायाहरु | ५,५००,०००.०० |
| | एयरपोर्ट देखी उत्तर कच्ची बाटोको दाया बाया | ६,३००,०००.०० |
| | एअरपोर्ट देखी उत्तर को भित्री जग्गा | ३,८००,०००.०० |
| | निर्माणाधिन एयरपोर्ट देखी दक्षिण को भित्री जग्गाहरु | २,८००,०००.०० |
| | वडा १० को सिमाना औधोगिक क्षेत्र गेट देखि पूर्व तर्फ चाउथे चोक हुदै पर्ने विजयपुर खोलासम्म पर्ने पृथ्वी | २०,०००,०००.०० |
| | निर्माणाधिन एयरपोर्ट भन्दा दक्षिण पर्ने पक्की बाटोको दाया वायाका जग्गा | ७,०००,०००.०० |
| | छिनेडाँडा १, २, ४, ५, सेती नदि विजयपुर खोला छेउ | १,२००,०००.०० |
| | | |
| १५ | पो म न पा वडा नं. १५ अनतर्गत पृथ्वी राजमार्गमा पर्ने दायाँ वायाँ का जग्गा | १९,३३२,१२०.०० |
| | फलेपाटन चोक हुदै टुटुङ्गा चोक र गलेश्वर चोक सम्मको मुख्य पिच बाटोको दाया | १३,२२७,२४०.०० |
| | अन्य पिच सडकको दायाँ वायाँ को जग्गा | ८,१३९,८४०.०० |
| | मितेरी गाँउ खरबारी क्षेत्रको मुख्य सडक | ९,१५७,३२०.०० |
| | माथी उल्लेखीत को कच्ची सडकको दाया बाया | ६,६१३,६२०.०० |
| | वडा नं १५ का सबै भित्री जग्गाहरु | ४,८३३,०३०.०० |
| | वडा नं. १५ वडा का सिमाना देखी वडा कार्यालय फलेपाटन चोक सम्म मुख्य पक्की सडक | १७,२९७,१६०.०० |
| | | |

| | | |
|---|---|---|
| १६ | पो.म.न.पा. वडा नं. १६ मा पर्ने अन्य पिच वाटोको दायाँ वाँयाँ को जग्गा हरु | ४,३७५,१६४.०० |
| | माथी उल्लेखीत बाहेक पोखरा १६ अन्तर्गत पर्ने अन्य मुख्य सडक र मझुवा एरिया समेत | ५,९९६,१४०.०० |
| | साविक बाटुलेचौर, गर्लाङ्ग, अर्मलाको कच्चि जग्गाको दाया बाया | ८५०,०००.०० |
| | गर्लाङ कच्ची सडकको दाया बाया | ७५०,०००.०० |
| | १६ मा पर्ने कच्ची बाटोका दाया बाया | ३,०५२,४४०.०० |
| | अर्मला कच्ची सडकको दायाँ वायाँ को जग्गाहरु | ६००,०००.०० |
| | साविक बाटुलचौर खेत तर्फ | ४००,०००.०० |
| | पो.म.न.पा. वडा नं १६ को के आइ सि पुल देखि गण्डकी आवसियको गेट र विन्ध्यवासिनि आवसिय गेट सम्म को पिच | ८,९०२,९५०.०० |
| | पो.म.न.पा. वडा नं. १६ मा पर्ने भित्री जग्गा हरु | २,०३४,९६०.०० |
| | साविक बाटुलेचौर, अर्मला, गर्लाङ्ग को पिच बाटोको दाया बायाको जग्गा | १,०००,०००.०० |
| | वडा नं१६ मुख्य पीच बाटोको दायावाया | ८,३९४,२१०.०० |
| | साविक गर्लाङ र अर्मला चाहार पाखो | ४५,०००.०० |
| | | |
| १७ | राष्ट वैक चोकदेखि मुस्ताङ्गचोक हुदैविरौटा चोकहुदै राम मन्दिर चोक र ऐ राष्ट वैक चोक देखि डयामसायड | २०,३४९,६००.०० |
| | बिरौटा चोक देखि पूर्वतर्फ आर.टि.ओ रोड हुदै आखा अस्पताल चोक सम्म पर्ने मुख्य पिच बाटोको दाया वाय | १७,०४२,७९०.०० |
| | सितल चौतारा हुँदै कालिमाटि सम्म वडा नं. १७ को सिमाना सम्म | ११,७०१,०२०.०० |
| | घारिपाटन चोक चचहुई हुँदै अन्तराष्टिय संग्राहालयसम्मको पिच बाटोको दाया वाया | १०,१७४,८००.०० |
| | सिता पाइला, लामतरो दोविल्ला क्षेत्र पक्की बाटो | ६,१०४,८८०.०० |
| | लामतरो दोविल्ला क्षेत्र कच्ची वाटो | ५,५९६,१४०.०० |
| | साविक लुकुनस्वारा १ को हाल वडा १७ मा पर्ने कच्चि बाटोको दाया बायाको जग्गा | ४,५७८,६६०.०० |

| | | |
|---|---|---|
| | साविक छिनेडाँडा ६ हाल वडा १७ काउछेघारी ,महतगौडा ,रातो पैरामा पर्ने पक्की बाटाको दाया वाया | ३,५६१,१८०.०० |
| | साविक लुकुमस्वारा को हाल पो.म.न.पा १७ मा पर्ने भित्रि जग्गा | ३,०५२,४४०.०० |
| | वडा १७ मा पर्ने अन्य पक्कि बाटोको दाया वायाको जग्गा | ९,१५७,३२०.०० |
| | दोभिल्ला सितापाइला काउसेघारी हा।टे।लाइन तितेपानी मुसेटुडो अर्न्तगत भित्रि जग्गा | १००,०००.०० |
| | राममन्दिर चोकवाट डेभिड फल्स पातले छागो सम्म मुख्य पक्की तथा सिद्धार्थ राजमार्ग दायाबाया | १८,०६०,२७०.०० |
| | डेभिड फल देखि पश्चिम तर्फ सिद्धार्थ राजमार्ग साविक लुकुमस्वारा १ हाल वडा १७ को सिमाना सम्म पर्ने मुख्य पिच | १३,२२७,२४०.०० |
| | अन्तराष्टिय संग्राहलय देखि तल महतगौडा रातोपैरो सितापाइल हुदै दोविल्ला पुल पिचवाटोको दाया वाया | ६,१०४,८८०.०० |
| | साविक लुकुम्स्वारा १ को हाल वडा १७ मा पर्ने अन्य पक्कि बाटोको दाया वाया पर्ने जग्गा | ५,८५०,५१०.०० |
| | पो.म.न.पा. १७ मा पर्ने भित्रि जग्गा | ४,५७८,६६०.०० |
| | काउछेघारी , वेलघारी सिमलचौतारा मुसेटुडाको पक्की बाटाको दाया वाया | ६,१०४,८८०.०० |
| | पो.म.न.पा. मा १७ मा पर्ने कच्ची बाटो | ५,५९६,१४०.०० |
| | दैविल्ला सितापाइला काउछेघारी हाइटेन्शनलाइन तितेपानी मुसेटुडो कच्ची बाटो | ३,०५२,४४०.०० |
| | दैविल्ला सितापाइला काउछेघारी हाइटेन्शनलाइन तितेपानी मुसेटुडो भित्री जग्गा | २,५४३,७००.०० |
| | | |
| १८ | खहरे बाट पामे जाने बाटोको दाया बाया पर्ने सेदिफाट भकुण्डे क्षेत्रको | ३,०००,०००.०० |
| | साराङ्कोट जाने मुल सडकको गा.वि.स भवन हुदै सराङ्कोट टावर सम्म जाने बाटोका दाया बाया जग्गा | २,७००,०००.०० |

| | | |
|---|---|---|
| | सराङकोट देखि नाउडाडा जाने पक्की वाटो दाया बाया | २,५००,०००.०० |
| | सराङकोट कच्ची वाटोका दायाँवायाका जग्गाहरु | १,२००,०००.०० |
| | ग्यारजाती वडा नं. ७ खहरे खोला पुर्वको जग्गा | १,०००,०००.०० |
| | साविक सराङकोट गा.वि.स.को अन्य भित्री जग्गा पाखो तथा खेतहरु | ३००,०००.०० |
| | | |
| १९ | लामाचौर गा.वि.स. वडा नं ६ र ७ को मुख्य पिच वाटो | ६,०००,०००.०० |
| | साविक लामाचौर अन्य पक्की बाटो | ३,०००,०००.०० |
| | साविक लामाचौर कच्ची दाया वाया को जग्गा | २,०००,०००.०० |
| | साविक लामाचौर, पुरनचौर र घार्मिका सवै प्रकारको पाखो तथा खेत | ३२०,०००.०० |
| | माछापुच्छ्रे ग्रामिण सडक वडा नं २ साविक पुरनचौर वडा नं २ ५ र ६ चितेपानी हुदै तल्लाकोट चोक सम्म | १,५००,०००.०० |
| | | |
| २० | रानीपौवा फुलवारी भलाम ग्रामिण पक्कीसडक हाल पो.म.न.पा वडा २० को जग्गाहरु | १,२००,०००.०० |
| | अन्य सहायक कच्ची मोटरेवल बाटो हाल पो.म.न.पा वडा न २० को जग्गाहरु | ८००,०००.०० |
| | साविक भलाम, मौजा गाविस का सवै प्रकारको खेत र पाखो | ३५०,०००.०० |
| | साविक मौजा काहुखोल,महेन्द्र गुफा भलाम रयाले चौर समेतका सडकको दायाबाया | ३५०,०००.०० |
| | | |
| २१ | निर्मल पोखरी १,६ र ९ को दोविल्ला बागमारा लामगादी मुल वाटोको दाया वाया | १,४००,०००.०० |
| | कृस्ती हुदै भरतपोखरी जाने ग्रामीण सहायक सडकको दाया वाया | ६००,०००.०० |
| | साविक निर्मलपोखरी ६ हाल भरत पोखरीमा पर्ने समथर भागको | ५००,०००.०० |
| | कच्ची बाटो को दाया बाया | ५००,०००.०० |

| | | |
|---|---|---|
| | साविक निर्मल पोखरी, कृस्तीका सवै प्रकारका जग्गाहरु | २००,०००.०० |
| | कृस्ती निर्मलपोखरी हुदै भरतपोखरी जाने कच्ची सडकको दाया बाया को जग्गाहरु | ८००,०००.०० |
| | | |
| २२ | छोरेपाटनचौतारा देखि पुरानो न.पा. सिमाना सम्म पनसिद्धार्थ राजमार्गको दाया वायाँ | ३,८००,०००.०० |
| | सिद्धार्थ राजमार्गवाट स्तुपा जाने वाटो | १,७००,०००.०० |
| | अन्य पक्की वाटो को दायावाया | १,४००,०००.०० |
| | सिदार्थ राजमार्गको दाया बाया बाट खोलिएका र कच्ची बाटोको जग्गा | १,२००,०००.०० |
| | फेवा ताल बाट पारी साविक पुम्दी गा.वि.स. वडा नं. २ अनदु क्षेत्र | १,४००,०००.०० |
| | शाखावाटावाट खोलिएका वाटोको दायवाया | ९५०,०००.०० |
| | हिमाल र ताल देखिने भित्रि जग्गाहरु | ५००,०००.०० |
| | साविक पुम्दी भुम्दीका सवै प्रकारका खेत पाखो र जग्गाहरु | ३००,०००.०० |
| | | |
| २३ | साविक चापाकोट, भदौरेका सवै खेत पाखोहरु | १५०,०००.०० |
| | पोखरा हल्लनचोक घाटिछिना वाटो को दायाँ वाया को जग्गा | १,१००,०००.०० |
| | अन्य साहेक मेटरेवल वाटो को दायाँ वाया को जग्गा | ८००,०००.०० |
| | | |
| २४ | ठलाखेत कच्ची वाटोको को दाया वायाँ वडा नं. ४ कार्की तहरा | १,४००,०००.०० |
| | पोखरा ठुलाखेत कच्ची वाटोको दायाँ वायाँ वडा नं. ९ लौरुक क्षेत्र | १,१००,०००.०० |
| | पामे वजार देखी चालिसेसम्मको वाटोको दायाँ वायाँ | ८००,०००.०० |
| | अन्य कच्ची वाटो को दायाँ वायाँ को जग्गा | १,०००,०००.०० |
| | साविक कास्कीकोट र ठुलाखेतका सवै किसिमका पाखो र खेतहरु | ४००,०००.०० |

| | | |
|---|---|---|
| | पोखरा ठुलाखेत पक्की वाटोको दायँ वायाँ वडा नँ. ४ कार्की तहरा | १,६००,०००.०० |
| | पामे वजार बजार क्षेत्रको कच्ची वाटो दायाँ वायाँ वडा नं. ६ | १,५००,०००.०० |
| | विन्ध्यवासिनि वाट नाउडाडा जाने वााटो को पाखो तर्फ वडा नं १,२,५,६,७,८, | १,०००,०००.०० |
| | वडा नं. १८ को सिमाना देखि कास्कीकोटको गुण्टे चौर हुँदै नागडाडा कृषी सडक वडा नं. १,४,३,८ का दायाँ | ९००,०००.०० |
| | साविक कास्कीकोट वडा ४ र ६ को समथर भुभागको भित्री जग्गा | ८००,०००.०० |
| | साविक कास्कीकोट का सवै किसिमका जग्गाहरु | ३५०,०००.०० |
| | | |
| २५ | सापकोटा चोक देखी मिलनचोक हुदै चाक्लेकुलासम्मको पो वा रा मुख्य पिच वाटो को दायाँ वाँ को जग्गा | ६,०००,०००.०० |
| | याम्दी पुलदेखी बुद्धचोक हुदै सापकोटा चोकसम्म पोखरा वाग्लुङ्ग राजमार्गको दायावाय | ५,५००,०००.०० |
| | साझा चोक देखी लामाचौतारा हुँदे भोटे क्याम सम्मको पिच बाटोको दायाँ वायाँ को जग्गाहरु | ४,०००,०००.०० |
| | मेलवोट देखि न. पा. को सिमाना सम्म माछापुच्छे सडकको दायाँ वाँया | १,०००,०००.०० |
| | अन्य पिच वाटोको दायाँ वायाँ को जग्गा | ३,०००,०००.०० |
| | साविक हेम्जाका सवै प्रकारका पाखो र खेतहरु | ७००,०००.०० |
| | साविक हेम्जा खोलापारी झिझिरका र अन्य बाटोको दाया बाया | ८००,०००.०० |
| | साविक हेम्जा खोलापारी झिझिरकासवै किसिमका पाखो र खेतहरु | २५०,०००.०० |
| | चाक्लेकुलो देखि म्याग्दी चोक हुँदै फदीखोला सममको पो बा रा को दायाँ वायाँ को जग्गा | ५,०००,०००.०० |
| | मिलनचोक देखि मेलवोटसम्म माछापुच्छे सडकको दायाँ वायाँ को जग्गा | २,६००,०००.०० |
| | कच्ची सडकको दायाँ वायाँ मा पर्ने जग्गा | १,७५०,०००.०० |
| | | |

| | | |
|---|---|---|
| | विजयपुर खोला देखी साविक कन्धनी डाँडा ५,६,९ पृथ्वीराजमार्ग दाया बाया | ७,५००,०००.०० |
| | अन्य पक्की सडक रराखी मिजुरे सडक दाया बाया | २,०००,०००.०० |
| | साविक कन्धनी डाँडा समथर भागको कच्ची सडक दाया बाया | २,०००,०००.०० |
| | साविक कन्धनी डाँडा पहाडी भाग को बाटो दाया बाया | ९००,०००.०० |
| | खेत र पाखो तर्फको समथर भाग भित्री जग्गा | ९००,०००.०० |
| २६ | पहाडी भाग पाखो तर्फको भित्री जग्गा | ३००,०००.०० |
| | साविक अर्घौ ८ र ९ को पृथ्वी राजमार्गमा पर्ने | ७,५००,०००.०० |
| | साविक अर्घौ अन्य पक्की बाटोको दायाँ बाँया वडा नं. २६ | ३,५००,०००.०० |
| | साविक अर्घौ बजार कच्ची सडकको दायाँ बायाँ वडा नं. २६ | २,५००,०००.०० |
| | साविक अर्घौ बजार ७, ८ र ९ समथर खेत तर्फको भित्री जग्गा वडा नं. २६ | १,२००,०००.०० |
| | पहाडी भाग खेत तर्फको भित्री जग्गा | ४००,०००.०० |
| | | |
| | तालचोक बेगनासताल मार्ग साविक अर्घौ बजार ९ | ६,०००,०००.०० |
| | साविक अर्घौ बजार पक्की बाटोको दायाँ बायाँ | ३,५००,०००.०० |
| | साविक अर्घौ बजार कच्ची सडकको दायाँ बायाँ | २,५००,०००.०० |
| | साविक अर्घौ बजार १ पहाडी भाग कच्ची बाटो | २,०००,०००.०० |
| | साविक अर्घौ बजार ४, ५ र ६ पक्की सडक दायाँ बायाँ | १,२००,०००.०० |
| २७ | साविक अर्घौ बजार १, २, ३, ७, ८ र ९ खेत पाखो भित्री जग्गा | १,२००,०००.०० |
| | साविक अर्घौ बजार ४, ५ र ६ खेत र पाखो जग्गा | ३००,०००.०० |
| | वडा नं. २७ का डिल भिरका कच्ची बाटोसँग जोडिएका जग्गाहरु | ८००,०००.०० |
| | पृथ्वी राजमार्ग लेखनाथ चोक देखि तालचोक सम्मको सडकको दाँया बाँया साबिक अर्घौ २, ८ र ९ | ७,५००,०००.०० |
| | साविक अर्घौ बजार १ पहाडी भाग पक्की बाटो | ३,०००,०००.०० |
| | साविक अर्घौ बजार २ लामोतरा क्षेत्र कच्ची सडक | १,४००,०००.०० |

| | | |
|---|---|---|
| | साविक अर्घौ बजार ४, ५ र ६ कच्ची सडक दायाँ बायाँ | ९००,०००.०० |
| | साविक अर्घौ बजार १ पहाडी भाग खेत पाखो भित्री जग्गा | ७००,०००.०० |
| | वडा नं. २७ का डिल भिरका जग्गाहरु | ७००,०००.०० |
| | वडा नं. २७ का डिल भिरका पक्की बाटोसँग जोडिएका जग्गाहरु | १,२००,०००.०० |
| | | |
| २८ | राखी मिजुरे मोटर बाटो दायाँ बायाँ साविक माझठाना १ देखी ७ | १००,०००.०० |
| | शिशुवा स्याङखुदी सौर्य ग्रामिण सडक | ६०,०००.०० |
| | साविक माझठाना सबै प्रकारको पाखो र खेत दोयम | ४०,०००.०० |
| | साविक झाँझरमारे सुनपदेली भैसे याङजाकोट ग्रामिण सडक | ३५०,०००.०० |
| | साविक झाँझरमारे कच्ची बाटोको दायाँ बायाँ | ४५०,०००.०० |
| | साविक झाँझरमारे सबै किसिमको खेतरपाखो जग्गाहरु | २००,०००.०० |
| | साविक शिशुवा ४ पक्की बाटो पोलेमनपा २८ दिपाङ्गताल तर्फ | ३००,०००.०० |
| | साविक शिशुवा ४ भित्री खेत समथर पोलेमनपा २८ दिपाङ्गताल तर्फ | ९००,०००.०० |
| | साविक माझठाना सबै किसिमको खेतरपाखो जग्गाहरु | ५०,०००.०० |
| | साविक झाँझरमारे राखी मिजुरे मोटर बाटो दायाँ बायाँ | ५००,०००.०० |
| | साविक झाँझरमारे अन्य बाटोको दायाँ बायाँ | ४००,०००.०० |
| | साविक झाँझरमारेका खेतरपाखो जग्गाहरु | २३०,०००.०० |
| | साविक शिशुवा ४ कच्ची बाटो पोलेमनपा २८ दिपाङ्गताल तर्फ | १,२००,०००.०० |
| | साविक शिशुवा ४ टारी खेत र पाखो पोलेमनपा २८ दिपाङ्गताल तर्फ | ३००,०००.०० |
| | | |

| | | |
|---|---|---|
| २९ | तालचोक देखी पावर हाउससम्म पृथ्वीराजमार्ग दायाँ बायाँ साविक शिशुवा १ र २ | ७,५००,०००.०० |
| | साविक शिशुवा १ र २ अन्य कच्ची सडक दायाँ बायाँ | २,५००,०००.०० |
| | साविक शिशुवा १ पट्नेरी क्षेत्रका कच्ची सडक दायाँ बायाँ | १,८००,०००.०० |
| | साविक शिशुवा १ र २ खेत र पाखो तर्फ | १,०००,०००.०० |
| | साविक शिशुवा १ र २ अन्य पक्की सडक दायाँ बायाँ | ३,०००,०००.०० |
| | साविक शिशुवा १ पट्नेरी क्षेत्रका पक्की सडक दायाँ बायाँ | २,५००,०००.०० |
| | | |
| ३० | साविक रुपाकोट ३ पृथ्वी राजमार्ग दायाँ बायाँ पावर हाउस देखी भत्केको चौकीसम्म | ४,५००,०००.०० |
| | साविक शिशुवा ३ तालचोक बेगनासताल मार्ग | ६,०००,०००.०० |
| | शिशुवा चोकबाट विश्वविद्यालय, तावाको मुख पावर हाउस सम्म | ३,५००,०००.०० |
| | अन्य पक्की बाटोको दायाँ बायाँ साविक शिशुवा | ३,०००,०००.०० |
| | कच्ची बाटोको दायाँ बायाँ साविक शिशुवा | २,५००,०००.०० |
| | साविक शिशुवा खेत पाखो तर्फको भित्री जग्गा | १,०००,०००.०० |
| | साविक शिशुवा ३ पहाडी भागमा पर्ने कच्ची सडकको जग्गाहरु | १,२००,०००.०० |
| | साविक शिशुवा ३ पहाडी भाग खेत तर्फ | ५००,०००.०० |
| | साविक रुपाकोट ३ पक्की बाटोको दायाँ बायाँ | २,०००,०००.०० |
| | साविक शिशुवा ३ पहाडी भागमा पर्ने पक्की सडकको जग्गाहरु | १,८००,०००.०० |
| | साविक शिशुवा ३ पहाडी भाग पाखो तर्फ | ३००,०००.०० |
| | साविक रुपाकोट ३ कच्ची बाटोको दायाँ बायाँ | १,७००,०००.०० |
| | साविक रुपाकोट ३ हाल वडा नं. ३० अर्न्तगतका भित्री खेत तर्फका जग्गाहरु | ६००,०००.०० |
| | | |

| | | |
|---|---|---|
| ३१ | वडा नं. ३१ अर्न्तगतको साविक शिशुवाका पक्की बाटोको दायाँ वायाँ | १,८००,०००.०० |
| | बेगनासताल भोर्लेटार सडक दायाँ बायाँ साविक शिशुवा ६ | १,४००,०००.०० |
| | साविक शिशुवाका वडा नं. ३१ अर्न्तगत पर्ने पहाडी भाग पाखो तर्फ | ३००,०००.०० |
| | साविक बेगनास गाविसको वडा नं. ३१ को मोटरएवल बाटोको दायाँ बायाँ | ५००,०००.०० |
| | साविक बेगनास का सवै किसिमका खेत र पाखोहरुको जग्गा | २५०,०००.०० |
| | साविक बेगनास खेत दोयम | |
| | साविक बेगनास खेत चाहार | |
| | साविक बेगनास पाखो अवल | |
| | साविक बेगनास पाखो सिम | |
| | साविक बेगनास पाखो चाहार | |
| | तालचोक बेगनासताल मार्ग साविक शिशुवा ५ | ६,०००,०००.०० |
| | वडा नं. ३१ अर्न्तगतको साविक शिशुवाका कच्ची बाटोको दायाँ वायाँ | १,२००,०००.०० |
| | साविक शिशुवाका वडा नं. ३१ अर्न्तगत पर्ने कच्ची सडक पहाडी भाग | १,२००,०००.०० |
| | बेगनासताल बसपार्क देखी भोर्लेटार जाने मुल सडकको दायाँ बाँया | ७००,०००.०० |
| | साविक बेगनासका सबै खेत र पाखोहरुको जग्गा | १५०,०००.०० |
| | | |
| ३२ | पृथ्वीराजमार्ग भत्केको चौकी देखी कोत्रेसम्म साविक रुपाकोट १ | ४,५००,०००.०० |
| | वडा नं. ३२ अर्न्तगत समथर भागका कच्ची सडकका दायाँ बायाँ साविक रुपाकोट | १,७००,०००.०० |
| | साविक रुपाकोट समथर खेत तर्फका जग्गाहरु | ६००,०००.०० |
| | साविक रुपाकोटका गोरेटो बाटोको जग्गाहरु | ६००,०००.०० |
| | वडा नं. ३२ अर्न्तगत पर्ने सेती नदी, आँपुखोला, तालखोला, खुदीखोलासँग जोडिएका डिल भिरका जग्गाहरु | ७००,०००.०० |

| | | |
|---|---|---|
| | वडा नं. ३२ अर्न्तगत पर्ने सेती नदी, खोला, डिल भिरसँग जोडिएका पक्की बाटोको जग्गाहरु | १,२००,०००.०० |
| | वडा नं. ३२ अर्न्तगत पर्ने सेती नदी, खोला, डिल भिरसँग जोडिएका कच्ची बाटोको जग्गाहरु | ८००,०००.०० |
| | वडा नं. ३२ अर्न्तगत समथर भागका पक्की सडकका दायाँ बायाँ साविक रुपाकोट | २,०००,०००.०० |
| | साविक रुपाकोटका पाखो तर्फको भित्री जग्गाहरु | ५००,०००.०० |
| | | |
| ३३ | साविक भोटेपोखरी वडा नं. ४, ७, ८, ९ मुल पक्की बाटोको दायाँ वायाँ | १,६००,०००.०० |
| | साविक भोटेपोखरी वडा नं. ४, ७, ८ / ९ को पक्की सडकको दायाँ बायाँ | १,३००,०००.०० |
| | साविक भोटेपोखरी वडा नं. ४, ७, ८ र ९ को अन्य कच्ची सडकको दायाँ बायाँ | १,०००,०००.०० |
| | साविक भरतपोखरी अन्य सहायक मोटरएवल बाटो | ३००,०००.०० |
| | भोटेपोखरी वडा नं. ८ र ९ खेत पाखो दुवै तर्फको जग्गा | ७००,०००.०० |
| | साविक भरत पोखरी सबै किसिमका पाखो र खेत तर्फका जग्गाहरु | ७५,०००.०० |
| | साविक निर्मलपोखरी ६ हाल वडा न. ३३ मा पर्ने दोवल्ला बागमारा लागादी मुल सडक | १,४००,०००.०० |
| | साविक निर्मलपोखरी ६ हाल वडा न. ३३ मा पर्ने समथर भाग | ५००,०००.०० |
| | साविक निर्मलपोखरी का सबै किसिमका पाखो र खेत तर्फका जग्गाहरु | १५०,०००.०० |
| | साविक भरतपोखरी जाने ग्रामिण सडकको दायाँ बायाँ | ५००,०००.०० |
| | साविक भोटेपोखरीका सबै किसिमका पाखो र खेत तर्फका जग्गाहरु | १००,०००.०० |
| | साविक भोटेपोखरी ८ र ९ डिल भिरमा पर्ने जग्गा | ३००,०००.०० |
| | साविक निर्मल पोखरी ६ सहायक बाटोको दायाँ बायाँ | ८००,०००.०० |
| | साविक निर्मल पोखरी खेत तर्फ अब्बल | २००,०००.०० |

## अनुसूची–५
## ऐनको दफा ३ सँग सम्वन्धित
## भूमिकर (मालपोत) करको दर

| क्र.सं. | विवरण | करको दर (%मा) |
|---|---|---|
| १ | रु. १० लाख सम्म | रु. १०० |
| २ | त्यसपछिको रु.१० लाख सम्म थप | ०.००५% |
| ३ | त्यसपछिको रु.२० लाख सम्म थप | ०.०१३% |
| ४ | त्यसपछिको रु.२० लाख सम्म थप | ०.०१३१% |
| ५ | त्यसपछिको रु.४० लाख सम्म थप | ०.०१४% |
| ६ | त्यसपछिको रु.५० लाख सम्म थप | ०.०२९६% |
| ७ | त्यसपछिको रु.५० लाख सम्म थप | ०.०३१% |
| ८ | त्यसपछिको १ करोड सम्म थप | ०.०६७% |
| ९ | त्यसपछिको २ करोडसम्म थप | ०.०७२५% |
| १० | त्यसपछिको ५ करोड सम्म थप | ०.०७९% |
| ११ | त्यसपछि माथिको जतिसुकैमा थप | ०.०७९५% |

## अनुसूची ६
## ऐनको दफा ४ सँग सम्वन्धित
## घर जग्गा बहाल करको दर

| जग्गा तथा घर भाडामा लिने | करको दर |
|---|---|
| व्यापार तथा व्यावसायीक प्रयोजनका लागि लिएको घरको | बहाल रकमको ८ प्रतिशत |
| व्यापार तथा व्यावसायीक प्रयोजनका लागि लिएको जग्गा | बहाल रकमको ४ प्रतिशत |
| घरायसी प्रयोजनका लागि लिएको घरको | बहाल रकमको ४ प्रतिशत |
| व्यावसायीककृषी प्रयोजनका लागि लिएको जग्गाको | बहाल रकमको २ प्रतिशत |

# अनुसूची ७
## ऐनको दफा ४ सँग सम्वन्धित
## घर जग्गा बहाल करको लागि न्यूनतम करको दर

| क्र.सं. | विवरण | व्यावसायिक प्रयोजन मासिक बहालकर प्रति वर्गफिट रु | आवासिय प्रयोजन मासिक बहालकर प्रति वर्गफिट रु |
|---|---|---|---|
| १ | **मुल सडक-** सिदार्थचोक देखि महेन्द्रपुलचोक सम्म, पालिखेचोक देखि पृथ्वीचोकसम्म, विपीचोक देखि सभागृहचोक सम्म, हल्लनचोक देखि फिस्टेलगेट सम्म, हल्लनचोक देखि खहरेचोकसम्म | | |
| | भुई तला | १० | ४.८ |
| | पहिलो तला | ९ | ४ |
| | दोस्रो तला देखि माथि | ७ | २.४ |
| | जग्गा | ६ | |
| २ | **अन्य मुख्य सडक -** नयां वजार मार्ग, सृजनाचोक देखि हल्लनचोक सम्म, सृजनाचोकवाट विरौटाचोकसम्म, पृथ्वीचोक देखि नाग ढुंगाको ओरालोसम्म, पृथ्वीचोक देखि अमरसिंहचोक सम्म, पृथ्वीचोक देखि) | | |
| | भुई तला | ८ | ४ |
| | पहिलो तला | ७ | ३.२ |
| | दोस्रो तला देखि माथि | ६ | २.४ |
| | जग्गा | ३ | |

| | | | |
|---|---|---|---|
| ३ | **सहायक मुख्य सडक -** महेन्द्रपुल देखि रानीपौवाचोकसम्म, अमरसिंहचोक देखि विरेन्द्रचोकसम्म, विरेन्द्रचोक देखि राम वजार हुदै घलेचोकसम्म, पि.एन क्याम्पस गेट देखि माछापुछ्रे बैंक चोक, ट्याक्सी चोक बगरबाट भिमसेनटोल नालामुख हुदै सिर्जनाचोक सम्म, पोखरा बाग्लुङ वसपार्क देखी फिर्के पुलसम्म, ३ नं वडा कार्यालय देखि पालिखे चोक हुदै नालामुख चोक,पालिखे चोक देखि जिप्रका हुदै वडा नं. ४ कार्यालय, जिरो कि.मी देखि फिर्केको पुलसम्म, हल्लनचोक देखि गैह्रा चौतारा,पन्थी गल्लीको मुल बाटो, सामसुङ चोक देखि अख्तियार कार्यालय सम्म,बिजयपुर पुल देखि अमरसिह चोक सम्म, बिरौटा चोक देखि फेवा नहर, डेभिडफल्स र गुप्तेश्वर गुफाको वरपरका मुख्य सडक वरपर, डाडाको नाक प्रहरी चौकी देखि तालचोक सम्म, सिसुवा चोक देखि बेगनास ताल सम्म | | |
| | भुई तला | ५.६ | ३.२ |
| | पहिलो तला | ४.८ | २.४ |
| | दोस्रो तला देखि माथि | ४ | २ |
| | जग्गा | २ | |
| ४ | **सहायक सडक -** रानीपौवा चोक देखि काहुखोला, पिएन क्याम्पस देखि के आई सीं पुल सम्म, वडा नं.६ देखि वडा नं १० का अन्य पिच बाटोहरु, बिपी मार्ग,तालचोक कोत्रे सम्म राजमार्ग दाँयाबाँया, गण्डकी हस्पीटल देखि अमरसिह चोक सम्म, वडा नं १७ प्रहरी चौकी देखि वडा नं. २२ को सिमाना,हरीचोक देखि कसेरी जाने चोक, मिलन चोक मुल बजार वरपर, १ नं वडा कार्यालय देखि वगर ट्याक्सीचोकसम्म । | | |
| | भुई तला | ४.८ | ३.२ |
| | पहिलो तला | ४ | २.४ |
| | दोस्रो तला देखि माथि | ३.२ | २ |
| | जग्गा | २ | |

| | | | |
|---|---|---|---|
| ५ | वडा नं.१ देखि १७ सम्मका सवै प्रकारका भित्री बाटाहरु | | |
| | भुई तला | ४ | २.८ |
| | पहिलो तला | ३.२ | २ |
| | दोस्रो तला देखि माथि | ३ | १ |
| | जग्गा | १ | |
| ६ | वडा नं.१८ देखि ३३ सम्मका अन्य सवै प्रकारका बाटामा पर्ने | | |
| | भुई तला | ३.८ | २.५ |
| | पहिलो तला | ३ | २ |
| | दोस्रो तला देखि माथि | २ | १ |
| | जग्गा | १ | |

क. सम्झौतामा उल्लेख गरिएको रकमको अनुसुची ६ बमोजिमको दर रेटले हुन आउने रकम र अनुसुची ७ बमोजिम तोकिएको निर्धारित न्यूनतम रकममा जुन बढी हुन्छ बढी हुने रकमको आधारमा बहाल कर लगाइनेछ।

ख. संगठीत संघ संस्था, कम्पनी, कार्यालय बहालमा वसेवापत बहाल रकम वुझाउदा अग्रीम स्रोतमै बहाल रकम कट्टी गरि कट्टी गरेको रकम महानगरपालिकामा दाखिला गर्नु पर्नेछ ।

ग. बहालमा लागेको सम्पत्तिको विवरण कार्यालयबाट उपलब्ध गराएको फाराम अनुसार सत्यतथ्य विवरण पेश गर्नुपर्नेछ। झुटो विवरण पेश गरी कर दाखिला गरेमा यस ऐन बमोजिम जरिवाना लगाईनेछ ।

घ. पोखरा महानगरपालिका क्षेत्रभित्र रहेका कुनै पनि घरजग्गाधनिले बहालमा बसोबास गर्नेहरुलाई लकडाउन अवधिको घर जग्गा बहाल रकम मिनाहा गरेको प्रमाण आगामी आ.व. २०७७।०७८ असोज मसान्त भित्र पेश गरेमा त्यस अवधिको घर जग्गा बहाल कर मिनाहा गरिने छ ।

ङ. बहाल कर मासिक, त्रैमासिक, अर्धवार्षिक र वार्षिक रुपमा दाखिला गर्न सकिनेछ ।

## अनुसूची–८

## ऐनको दफा ५ सँग सम्वन्धित

## व्यवसाय करको दर

### १. बैंक वित्तीय संस्था तथा बीमा कम्पनीहरुको लागि

| क्र.स. | व्यवसायको विवरण | वार्षिक रु. |
|---|---|---|
| १ | क वर्गका वित्तीय संस्था वा वाणिज्य बैंक(केन्द्रीय कार्यालय) | २५,००० |
| २ | क वर्गका वित्तीय संस्था वा वाणिज्य बैंक (शाखा कार्यालय) | १५००० |
| ३ | ख वर्गकावित्तीय संस्था वा विकास बैंक(केन्द्रीय कार्यालय) | १५००० |
| ४ | ख वर्गका वित्तीय संस्था वा विकास बैंक(शाखा कार्यालय) | १०००० |
| ५ | ग वर्गका वित्तीय संस्था वा फाईनान्स कम्पनी(केन्द्रीय कार्यालय) | १०००० |
| ६ | ग वर्गका वित्तीय संस्था वा फाईनान्स कम्पनी(शाखा कार्यालय) | ९००० |
| ७ | लघु वित्तीय संस्थाको मुख्य कार्यालय | ८००० |
| ८ | लघु वित्तीय संस्थाको शाखा कार्यालय | ६००० |
| ९ | सहकारी बैंक केन्द्रीय कार्यालय | २०००० |
| १० | सहकारी बैंक शाखा कार्यालय | १०००० |
| ११ | सहकारी संस्था | |
| | क.वचत तथा ऋण सहकारी २०० सम्मसदस्य भएका | २००० |
| | ख. वचत तथा ऋण सहकारी ५०० सम्मसदस्य भएका | ५००० |
| | ग. वचत तथा ऋृण सहकारी ५०१ देखि १००० सम्मसदस्य भएका | ८००० |
| | घ. वचत तथा ऋृण सहकारी १००० भन्दा बढी सदस्य भएका | १०००० |
| | ङ. कृषि सहकारी संस्था | २००० |
| | च. महिला सहकारी संस्था | २००० |
| | छ. बहुउद्देशीय सहकारी संस्था<br>क.५०० सम्मको सेयर सदस्य<br>ख. १००० जना सम्म सेयर सदस्य<br>ग. १००० जना भन्दा माथि शेयर सदस्य | <br>२०००<br>४०००<br>७००० |
| | ज. अन्य सहकारी संस्थाहरु | २००० |

| | | |
|---|---|---|
| १२ | बीमा कम्पनी (केन्द्रीय कार्यालय) | २५००० |
| १३ | बीमा कम्पनी (शाखा कार्यालय) | १५००० |
| १४ | मनी एक्सचेञ्ज कम्पनी | ५००० |
| १५ | रेमिट्यान्स कम्पनी | ५००० |
| १६ | आर्थिक कारोवार (शेयर कारोवार वा अन्य आर्थिक कारोवार) गर्ने इन्भेस्टमेण्ट कम्पनी | १०००० |
| १७ | शेयर रजिष्ट्रार तथा धितोपत्रको काम गर्ने कार्यालय | १५००० |

## २. दुई तारा (स्टार)स्तर भन्दा माथिका होटलहरु

| क्र.स. | व्यवसायको विवरण | वार्षिक रु. |
|---|---|---|
| १ | तिन तारे होटल | २०,००० |
| २ | चार तारे होटल | ४०,००० |
| ३ | पाँचतारे होटल | ५०,००० |
| ४ | रिसोर्ट | २०,००० |
| ५ | होमस्टे दर्ता | १०,००० |

## ३.विशेषज्ञ परामर्श सेवा तथा अन्य व्यवसाय

| क्र.स. | व्यवसायको विवरण | वार्षिक रकम रु. |
|---|---|---|
| १ | चिकित्सक (क्लीनीक सञ्चालन सेवा व्यवसाय) | १०००० |
| २ | कविराज | ५००० |
| ३ | भेटरनरी डाक्टर | ४००० |
| ४ | दन्त चिकित्सक | ५००० |
| ५ | पशु स्वास्थ्य प्राविधिक | १००० |
| ६ | कृतिम गर्भाधान प्राविधिक | १००० |
| ७ | नगर पशु स्वास्थ्य कार्यकर्ता | १००० |
| ८ | अनुसन्धानकर्ता तथा परामर्शदाता (कन्सल्टयान्सी) सल्लाहकार संस्था (विदेशी) | ३०,००० |

| | | |
|---|---|---|
| ९ | अनुसन्धानकर्ता तथा परामर्शदाता (कन्सल्टयान्सी) सल्लाहकारसंस्था (स्वदेशी) | ५००० |
| १० | अनुसन्धानकर्ता तथा परामर्शदाता सल्लाहकार ब्यक्ती | ३००० |
| ११ | अन्तराष्ट्रिय गैर सरकारी संस्था दर्ता तथा नवीकरण | २०,००० |
| १२ | स्वदेशी गैरसरकारी संस्था दर्ता तथा नवीकरण | २००० |
| १३ | ज्योतिष परामर्श सेवा | २००० |
| १४ | कम्प्यूटर एनालिष्ट तथा प्रोग्रामर | ३००० |
| १५ | कम्युटर सफ्टवेयर निर्माण गर्ने कम्पनी | ५००० |
| १६ | क्यूरियो सेवा | ४००० |
| १७ | बीमा एजेन्ट | २००० |
| १८ | सर्भेयर फर्म | ३००० |
| १९ | अनुवादक | ३००० |
| २० | शयेर ब्रोकर | ४००० |
| २१ | अमिन | २५०० |
| २२ | पाईलट | १०,००० |
| २३ | पलम्वर, ईलेक्टीसियन | २००० |
| २४ | एअर कार्गो संस्था | ४००० |
| २५ | सामान ढुवानीकर्ता तथा कम्पनी | ५००० |
| २६ | संस्थागत पेण्टर | ६००० |
| २७ | **ईञ्जिनियरीङ कन्सलटेन्सिमा** | |
| | क. ईञ्जिनियरको कन्सल्टेन्सी फर्म | ५००० |
| | ख. ओभरसियर | ३५०० |
| | ग. कानून व्यवसायीको लफर्म,अनुवादक/नोटरी पब्लिक | ४००० |
| | घ. कानून व्यवसायीको लफर्म (वरिष्ठ अधिवक्ता भएको) | ५००० |
| | ङ. लेखापढी फर्म | २००० |
| २८ | **लेखा परीक्षक** | |

| | | |
|---|---|---|
| | क श्रेणिको लेखा परीक्षक | ५००० |
| | ख श्रेणिको लेखा परीक्षक | ३५०० |
| | ग श्रेणिको लेखा परीक्षक | २००० |
| | घ श्रेणिको लेखा परीक्षक | १५०० |
| २९ | कृषि परामर्श सेवा | १००० |
| ३० | अनलाइन सेवा विजनेस | १०००० |
| ३१ | अनलाइन न्युज | १००० |
| ३२ | फ्लेक्स,ब्यानर,पोस्टर इत्यादि प्रिन्टीङ गर्ने फर्म | ४००० |
| ३३ | बस सेवा कम्पनी तथा कार्यालयका टिकट काउन्टर | १५०० |

## ४. हाइड्रोपावर

| क्र.स. | व्यवसायको विवरण | वार्षिक रकम रु. |
|---|---|---|
| १ | १० मेगा वाट सम्म | ४०,००० |
| २ | १० मेगा वाट माथि | ५०,००० |

## ५.निर्माण व्यवसाय ‘घ’ वर्ग

| क्र.स. | व्यवसायको विवरण | वार्षिक रकम रु. |
|---|---|---|
| १ | ईजाजत पत्र ‘घ’ वर्गको | २५००० |
| २ | नविकरण दस्तुर ‘घ’ वर्ग | ७००० |
| ३ | ईजाजत पत्र नविकरण गर्न म्याद भित्र नआएमा थप दस्तुर | ५००० |
| ४ | ईजाजत पत्र प्रतिलिपी दस्तुर | १००० |
| ५ | निवेदन दर्ता दस्तुर | १००० |
| ६ | व्यवसाय नामसारी | १०००० |
| ७ | अन्य निर्माण सेवा,निजी ठेकेदार लेवर कन्टयाक्टर दर्ता | ११५०० |

| | | |
|---|---|---|
| ८ | अन्य निर्माण सेवा,निजी ठेकेदार लेवर कन्टयाक्टर नविकरण | ५००० |
| ९ | अन्य निर्माण सेवा,निजी ठेकेदार लेवर कन्टयाक्टर दर्ता तथा नविकरण | ११५०० |

## ६.कृषि तथा पशुजन्य व्यवसाय

| क्र.स. | व्यवसायको विवरण | वार्षिक रकम रु. |
|---|---|---|
| १ | क्यानल क्लब | ५००० |
| २ | ब्रिडिङ सेन्टर | ७००० |
| ३ | ह्याचरी उद्योग | १५००० |
| ४ | पंक्षी चल्ला सप्लायर्स | ५,००० |
| ५ | दाना उद्योग | १५००० |
| ६ | दाना डिपो | १०००० |
| ७ | दाना डिलर्स | ७००० |
| ८ | दाना खुद्रा व्यापार | ५००० |
| ९ | ठुला पशुको बधस्थल | २०००० |
| १० | साना पशुको बधस्थल | १०००० |
| ११ | छाला संकलन गर्ने व्यवसाय | २००० |
| १२ | जिउदो पशु बिक्री केन्द्र ठुला पशुहरु | ७००० |
| १३ | जिउदो पशु बिक्री केन्द्र साना पशुहरु, भेडा बाख्रा | ५००० |
| १४ | जिउदो पंक्षी बिक्री केन्द्र | २००० |
| १५ | अन्नको अवशेष बिक्री केन्द्र | १००० |
| १६ | पशु चिकित्सालय | १०००० |
| १७ | पशु औषधि पसल थोक | ७००० |
| १८ | पशु औषधि पसल खुद्रा | ४००० |
| १९ | **पशु पंक्षीफर्म दर्ता** (गाई, भैसी, रागाँ,भेडा,बाख्रा, बंगुर, माछा हाँस, कुखुरा तथा मौरी पालन फर्म) | |

| | | |
|---|---|---|
| | क. विशिष्ट कृषक | ५००० |
| | ख. उद्यमी कृषक | ४००० |
| | ग. व्यावसायीक कृषक | ३००० |
| | घ. व्यावसायीक उन्मुख कृषक | २००० |
| | ङ. साना कृषक | १५०० |
| | च. निर्वाहमुखी कृषक | १००० |
| | छ. सिमान्तकृत कृषक | नि:शुल्क |
| | ज. कुकुर | १०० |

**७. स्वास्थ्य सेवा व्यवसाय**

| क्र.स. | संस्थाको वर्गिकरण | व्यवसाय कर | |
|---|---|---|---|
| | | दर्ता शुल्क | नविकरण |
| १ | २५ शैया सम्मको अस्पताल | ५०००० | ४०००० |
| २ | २५ शैया भन्दा माथीको अस्पताल सञ्चालन सिफारीस शुल्क | प्रतिशैया रु.६०० | |
| ३ | पोलिक्लिनिक प्रति सेवा | ५००० | ४००० |
| ४ | नर्सिङ्ग होम | २५००० | २०००० |
| ५ | मेडिकल कलेज | १५०००० | १००००० |
| ६ | नर्सिङ कलेज पारामेडीकल कलेज | ५०००० | ५०००० |
| ७ | औषधि पसल थोक विक्रेता | १५००० | १२००० |
| ८ | औषधि खुद्रा पसल (फार्मेसी) | ५००० | ४००० |
| ९ | अस्पताल भित्र रहेको औषधी पसल | २०००० | १५००० |
| १० | आयुर्वेदिक तथा बैकल्पिक चिकित्शा अस्पताल १० शैया सम्म | १२००० | ८००० |
| ११ | आयुर्वेदिक तथा बैकल्पिक चिकित्शा अस्पताल १० शैया देखि २५ शैया सम्म | प्रती शैया २००० | प्रती शैया १६०० |

| | | |
|---|---|---|
| १२ | आयूर्वेदिक क्लिनिक बिशेषज्ञ चिकित्सक सेवा सहित (अनकलसमेत) | ७००० |
| १३ | आयूर्वेदिक क्लिनिक चिकित्सकीयसेवा सहित (अनकलसमेत) | ६००० |
| १४ | आयूर्वेदिक औषधिथोक बिक्रेता | १०००० |
| १५ | आयूर्वेदिक औषधि खुद्रा बिक्रेता | ५००० |
| १६ | विरामी जाँच गर्ने कन्सल्ट्याण्ट डाक्टर सहितको क्लिनिक | ८००० |
| १७ | स्वास्थ्य क्लिनिक | ६००० |
| १८ | चस्मा पसल | ५००० |
| १९ | डेन्टल क्लिनिक आँखा क्लिनिक | ८००० |
| २० | फिजीयोथेरापि सेवा केन्द्र क्लिनिक | ८००० |
| २१ | होमियोपेथि क्लिनिक | ८००० |
| २३ | अक्यूपेञ्चर उपचार केन्द्र अस्पताल | १२००० |
| २४ | होम बेस स्वास्थ्य सेवा प्रदायक | ५००० |
| २५ | डाइग्नोस्टिक सेन्टर (एक्सरे, एमआरआइ, सिटीस्क्यान, अल्ट्रासाउण्ड आदि ) | १५००० |
| २६ | ल्याब तथा याथोलोजी सेन्टर वर्ग अनुसार | |
| | क वर्ग | २०००० |
| | ख वर्ग | १५००० |
| | ग वर्ग | ७५०० |
| | घ वर्ग | ५००० |
| | ङ वर्ग | ४००० |
| २७ | प्राकृतिक चिकित्सालय | |
| | आवासीय | २०००० |
| | अन्य | ८००० |
| २८ | सर्जिकल थोक पसल | १५००० |

| | | |
|---|---|---|
| २९ | फिटनेस सेन्टर र समान बिक्री व्यवसाय | ५००० |
| ३० | जडिबुटि तथा हर्वल सामाग्री संकलन केन्द्र | १०००० |

## ८. शिक्षा सेवा निजी क्षेत्रका स्कूल, क्याम्पस तथा विश्वविद्यालय

| क्र.स. | विवरण | वार्षिक रकम रु. |
|---|---|---|
| १ | कोचिङ सेन्टर,कम्प्युटर प्रशिक्षण केन्द्र | ३००० |
| २ | बिदेशी भाषा कक्षा संचालन (टोफेल, जीआरई, आइयलटिस, ईपीएस आदि) | ५००० |
| ३ | मण्टेश्वरी, प्ले ग्रुप | १५००० |
| ४ | आधारभूत विद्यालय | ८००० |
| ५ | माध्यामिक विद्यालय | १२००० |
| ६ | उच्च मा.वि | २०००० |
| ७ | कलेज | ३०००० |
| ८ | विश्वविद्यालय | ४०००० |
| ९ | व्यावसायिक तथा प्राविधिक शिक्षालय | १५००० |
| १० | तालिम तथा अनुसन्धान केन्द्र | ६००० |
| ११ | ब्रिजकोर्स सञ्चालन केन्द्र | ३००० |
| १२ | सीपमुलक तालिम केन्द्र घरेलू स्तरका | ३००० |
| १३ | गित,डान्स,व्युटिपार्लर,स्क्याप्फोल्डिड तालिम | २५०० |
| १४ | उच्च माध्यामिक तथा कलेजको संकाय थप | १०००० प्रति संकाय |
| १५ | विद्यालयको स्तर वृद्धि | ५००० |

## ९. अन्य व्यवसाय

| क्र.स. | विवरण | वार्षिक रकम रु. |
|---|---|---|
| १ | डुंगा व्यवसाय (प्रति डुंगा) | ५०० |
| २ | इभेण्ट म्यानेजमेण्ट | ३००० |
| ३ | मोटेल | ४००० |
| ४ | छात्रावास | ५००० |
| ५ | तालबाट निकालिएको माछा प्रति के.जि. | ५ |
| ६ | एअरलायन्स कम्पनी | ५०,००० |
| ७ | क्यासिनो | १००००० |
| ८ | रेन्टल तथा क्याटरिङ सेवा | ७००० |
| ९ | पार्टी प्यालेस,कन्भेन्सन हल | २०००० |
| १० | सरसफाई सेवा व्यवसाय | ६००० |
| ११ | विज्ञापन एजेन्सीसेवा | ५००० |
| १२ | वैदेशिक रोजगार परामर्श सेवा | १५००० |
| १३ | वैदेशिक शिक्षा परामर्श सेवा | १०००० |
| १४ | सेक्युरीटिज सर्भिस | १०००० |
| १५ | हाउजिङ कम्पनी तथा घरजग्गा खरिद बिक्री (रियलस्टेट) ठुलो | ३०००० |
| १६ | ब्युटीपार्लर (भ्याट दर्ता भएको) | ५००० |
| १७ | ब्युटीपार्लर सानो (भ्याट दर्ता नभएको) | २५०० |
| १८ | सैलून | २००० |
| १९ | मसाजपार्लर/स्पा/ज्याकुजी/सौना वाथ/स्वीमिङपुल | १०००० |
| २० | हेल्थक्लब तथा व्यायामशाला, एरोबिक सेन्टर | ५००० |
| २१ | ट्याटु व्यवसाय | २००० |
| २२ | पार्क पिकनिक स्पट | २००० |
| २३ | फिजिकल फिटनेस सेन्टर | ५००० |
| २४ | जिम क्लब | २००० |

| | | |
|---|---|---|
| २५ | फुटसल/इन्डोर क्रिकेट | ३००० |
| २६ | शिशु स्याहार केन्द्र | १५०० |
| २७ | ईट्टाभट्टा व्यवसाय | ५००० |
| २८ | अनलाइन सपिङ | |
| | क. खाद्यन्न बस्तुहरु मात्र | ४००० |
| | ख. इलेक्ट्रोनिक्स/गरगहना लगायत अन्य समाग्रीहरु | १०००० |
| २९ | जब लिङ्क व्यवसाय | ३००० |

